आज मिति २०७४ साल चैत्र २४ गते शनिवारका दिन स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ४ को दफा १९ मा भएको व्यवस्था वमोजिम धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री नृप वहादुर वडज्यूको अदक्ष्यतामा धनगढी उप-महानगरपालिकाको दोस्रो नगरसभाको दोश्रो दिनको वैठक देहायका नगरसभा सदस्यहरुको उपस्थितिमा वसी देहाय वमोजिमका निर्णयहरु गरियो ।

| क्र.स. | नाम | पद | मिति २०७४/१२/२४ (हस्ताक्षर) |
|---|---|---|---|
| १ | नृप बहादुर वड | नगरसभा अध्यक्ष | [signature] |
| २ | सुशीला मिश्र भट्ट | नगरसभा उपाध्यक्ष | [signature] |
| ३ | सन्तोष मुडभरी | नगरसभा सदस्य | [signature] |
| ४ | कल्याणी सिंह | नगरसभा सदस्य | [signature] |
| ५ | विमला कुमारि देवल | नगरसभा सदस्य | [signature] |
| ६ | सुवास चन्द | नगरसभा सदस्य | [signature] |
| ७ | धर्म राज उपाध्याय | नगरसभा सदस्य | [signature] |
| ८ | नर बहादुर बम | नगरसभा सदस्य | [signature] |
| ९ | रत्नाकुमारी बोगटी (बिष्ट) | नगरसभा सदस्य | [signature] |
| १० | मिना रेका आउजी | नगरसभा सदस्य | [signature] |
| ११ | मान बहादुर चौधरी | नगरसभा सदस्य | [signature] |
| १२ | मान बहादुर सिंह | नगरसभा सदस्य | [signature] |
| १३ | बल बहादुर ऐर | नगरसभा सदस्य | [signature] |
| १४ | प्रेम सिंह विश्वकर्मा | नगरसभा सदस्य | [signature] |
| १५ | पार्वती देवी सिंह | नगरसभा सदस्य | [signature] |
| १६ | राधा वि.क. | नगरसभा सदस्य | [signature] |
| १७ | नारायण प्रसाद पाण्डे | नगरसभा सदस्य | [signature] |
| १८ | ओम विक्रम चन्द | नगरसभा सदस्य | [signature] |
| १९ | दिपक कुमार थापा क्षेत्री | नगरसभा सदस्य | [signature] |
| २० | माया कुमारी भण्डारी (साउद) | नगरसभा सदस्य | [signature] |
| २१ | गंगा देवी वि.क. | नगरसभा सदस्य | [signature] |
| २२ | छत्र बहादुर वडेला | नगरसभा सदस्य | [signature] |
| २३ | यज्ञ राज जोशी | नगरसभा सदस्य | [signature] |
| २४ | हिरा सिंह पातली | नगरसभा सदस्य | [signature] |

Scanned by CamScanner

**प्रस्ताव नं. २.१ प्रशासकीय कार्यविधि नियमित गर्न बनेको विधेयक, २०७४ सम्बन्धमा**

**निर्णय नं. २.१**

धनगढी नगरकार्यपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्नको निमित्त नेपालको संविधान बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रही संविधानको अनुसूची ८ र अनुसूची ९ बमोजिम तोकिएका विषयमा आवश्यकता अनुसार नियमहरु बनाई लागू गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिमको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) र (२) को अधीनमा रही संविधानको धारा २२३ बमोजिम नगर कार्यपालिकाको मिति २०७४।१२।२० गते बसेको १५ औं बैठकबाट सिफारिस भै आएको प्रशासकीय कार्यविधि नियमित गर्ने कार्य विधेयकलाई सार्वजनिक सेवा तथा क्षमता विकास समितिका संयोजक श्री सिताराम रानाले सभा समक्ष निर्णयार्थ पेश गरेको उक्त विधेयक माथि दफावार छलफल गरी सदस्यहरुबाट प्राप्त सुझाव अनुसार संसोधन गरी संसोधित **प्रशासकीय कार्यविधि नियमित गर्न बनेको ऐन, २०७४** लाई सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २.२ शिक्षा विधेयक, २०७४ सम्बन्धमा**

**निर्णय नं. २.२**

राष्ट्रिय विकासका लागि धनगढी उप-महानगरपालिका अन्तर्गतका विद्यालय उमेरका सबै बालबालिकाका लागि उच्च गुणस्तरको जीवन पर्यन्त सिकाइद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य, सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सर्वसुलभ ज्ञान दिन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न यस उप-महानगरपालिकामा स्थापना भई सञ्चालन भैरहेका तथा स्थापना हुने विद्यालयहरूको व्यवस्थापनमा सुधार गर्दै विद्यालय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान को धारा २२६ तथा "स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२" बमोजिम नगर कार्यपालिकाको मिति २०७४।१२।२० गते बसेको १५ औं बैठकबाट सिफारिस भै आएको परिमार्जित नगर शिक्षा विधेयक, २०७४ लाई सामाजिक विकास समितिका संयोजक श्री गीता पन्तले सभा समक्ष निर्णयार्थ पेश गरेको उक्त विधेयक माथि दफावार छलफल गरी सदस्यहरूबाट प्राप्त सुझाव अनुसार संसोधन गरी संसोधित **नगर शिक्षा ऐन, २०७४** लाई सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २.३ सहकारी विधेयक २०७४ सम्बन्धमा**

**निर्णय नं. २.३**

सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप स्थानीयस्तरमा छरिएर रहेको पुंजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र सुशासित सगठनको रुपमा सहकारी संस्थाहरूको प्रवर्द्धन गर्न, सहकारी व्यवसाय लगायत सबै प्रकारका उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीव्र एवं दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई

Scanned by CamScanner

सुदृढ तुल्याउन सहकारी संघ संस्थाहरुको दर्ता, सञ्चालन एवम् नियमन सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले नगर कार्यपालिकाको मिति २०७४।१२।२० गते बसेको १५ औ बैठकबाट सिफारिस भै आएका परिमार्जित सहकारी विधेयक, २०७४ लाई आर्थिक विकास समितिको संयोजक श्री नर ब. बम ले सभा समक्ष निर्णयार्थ पेश गरेको उक्त विधेयक माथि दफावार छलफल गरी सदस्यहरुबाट प्राप्त सुझाव अनुसार संशोधन गरी संशोधित **सहकारी ऐन, २०७४** लाई सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २.४ सार्वजनिक निजी साझेदारी विधेयक २०७४ सम्बन्धमा**

**निर्णय नं. २.४**

उप-महा न.पा.बाट सार्वजनिक निजी साझेदारीका माध्यमबाट गरिने पुर्वाधार संरचनाको निर्माण र संचालन तथा सार्वजनिक सेवा प्रवाहका कार्यहरु व्यवस्थित तथा प्रभावकारी रुपमा संचालन र नियमन गर्न सार्वजनिक निजी साझेदारी सम्बन्धि छुट्टै कानूनी व्यवस्था हुनु पर्ने भएकाले नगर कार्यपालिकाको मिति २०७४।१२।२० गते बसेको १५ औ बैठकबाट सिफारिस भै आएको सार्वजनिक निजी साझेदारी विधेयक, २०७४ लाई आर्थिक विकास समितिको संयोजक श्री नर ब. बमले सभा समक्ष निर्णयार्थ पेश गरेको उक्त विधेयक माथि दफावार छलफल गरी सदस्यहरुबाट प्राप्त सुझाव अनुसार संसोधन गरी संसोधित **सहकारी ऐन, २०७४** लाई सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २.५ फोहरमैला व्यवस्थापन विधेयक, २०७४ सम्बन्धमा**

**निर्णय नं. २.५**

फोहोर मैलालाई स्रोतमा न्यूनिकरण, पुनःप्रयोग, प्रशोधन वा बिसर्जन गरी उप-महानगरपालिका क्षेत्रभित्र फोहर मैलाको उचित र प्रभावकारी व्यवस्थापन गर्न तथा जनस्वास्थ्य एवं वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ, स्वस्थ र मनोरम वातावरण कायम गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम नगर कार्यपालिकाको मिति २०७४।१२।२० गते बसेको १५ औ बैठकबाट सिफारिस भै आएका परिमार्जित फोहरमैला व्यवस्थापन विधेयक, २०७४ लाई सामाजिक विकास समितिका संयोजक श्री गीता पन्तले सभा समक्ष निर्णयार्थ पेश गरेको उक्त विधेयक माथि दफावार छलफल गरी सदस्यहरुबाट प्राप्त सुझाव अनुसार संसोधन गरी संशोधित **फोहरमैला व्यवस्थापन ऐन, २०७४** लाई सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २.६ आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न वनेको विधेयक, २०७४ सम्बन्धमा**

**निर्णय नं. २.६**

यस उप-महानगरपालिकाको आर्थिक कार्यलाई व्यवस्थित गर्नका लागि नगर कार्यपालिकाको मिति २०७४।१२।२० गते बसेको १५ औ बैठकबाट सिफारिस भै आएका आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न वनेको विधेयक, २०७४ लाई आर्थिक विकास समितिका संयोजक श्री नर ब. बमले सभा समक्ष निर्णयार्थ

पेश गरेको उक्त विधेयक माथि दफावार छलफल गरी सदस्यहरुबाट प्राप्त सुझाव अनुसार संसोधन गरी संसोधित आर्थिक कार्यविधि नियमित तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७४ लाई सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २.७ न्यायिक समिति कार्यविधि विधेयक, २०७४ सम्वन्धमा**

निर्णय नं. २.७

न्यायिक समितिले प्रचलित कानुन बमोजिम उजुरीको कारवाही र किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि तय गरी स्पष्टता, एकरुपता एवं पारदर्शिता कायम गरी कानूनको शासन तथा न्याय प्रतिको जनविश्वास कायम राखी रहनको लागि प्रचलनमा रहेको संघीय कानूनमा भए देखि बाहेक थप कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२१ को उप धारा (१) बमोजिम नगर कार्यपालिकाको मिति २०७४।१२।२० गते बसेको १५ औ बैठकबाट सिफारिस भै आएका न्यायिक समिति कार्यविधि विधेयक, २०७४ लाई विधेयक समितिका संयोजक श्री बिजयराज जोशीले सभा समक्ष निर्णयार्थ पेश गरेको उक्त विधेयक माथि दफावार छलफल गरी सदस्यहरुबाट प्राप्त सुझाव अनुसार संसोधन गरी संसोधित **न्यायिक समिति कार्यविधि ऐन, २०७४** लाई सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २.८ नगरपालिका कृषि व्यवसाय प्रबर्धन विधेयक, २०७४ सम्वन्धमा**

निर्णय नं. २.८

यस उप-महा न.पा. क्षेत्रभित्र संचालन हुने कृषि सम्वन्धि व्यवसायहरुलाई व्यवस्थित गर्न नगर कार्यपालिकाको मिति २०७४।१२।२० गते बसेको १५ औ बैठकबाट सिफारिस भै आएको नगरपालिका कृषि व्यवसाय प्रवर्धन विधेयक, २०७४ लाई आर्थिक बिकास समितिका संयोजक श्री नर ब. बमले सभा समक्ष निर्णयार्थ पेश गरेको उक्त विधेयक माथि दफावार छलफल गरी सदस्यहरुबाट प्राप्त सुझाव अनुसार संसोधन गरी संसोधित **नगरपालिका कृषि व्यवसाय प्रबर्धन ऐन, २०७४** लाई सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २.९ आर्थिक ऐन, २०७४ संसोधंन गर्न बनेको विधेयक सम्वन्धमा**

निर्णय नं. २.९

यस उप-महानगरपालिकाको आर्थिक कार्यलाई व्यवस्थित गर्न नगर कार्यपालिकाको मिति २०७४।१२।२० गते बसेको १५ औ बैठकबाट सिफारिस भै आएको आर्थिक ऐन, २०७४ मा संसोधन गर्न बनेको विधेयकलाई आर्थिक विकास समितिका संयोजक श्री नर ब. बमले सभा समक्ष निर्णयार्थ पेश गरेको उक्त विधेयक माथि दफावार छलफल गरी सदस्यहरुबाट प्राप्त सुझाव अनुसार संसोधन गरी संसोधित **आर्थिक ऐन, २०७४ संसोधन गर्न बनेको ऐनलाई** सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

प्रस्ताव नं. २.१० बिनियोजन ऐन २०७४ मा संसोधन गर्न बनेको विधेयक, २०७४ सम्बन्धमा

निर्णय नं. २.१०

यस उप-महानगरपालिकाको बिनियोजन ऐन २०७४ मा संसोधन गर्न बनेको ऐन २०७४ व्यवस्थित गर्न नगर कार्यपालिकाको मिति २०७४।१२।२० गते बसेको १५ औ बैठकबाट सिफारिस भै आएको बिनियोजन ऐन, २०७४ संसोधन गर्न बनेको विधेयक, २०७४ लाई पूर्वाधार विकास समितिका संयोजक श्री सन्तोष मुडभरीले सभा समक्ष निर्णयार्थ पेश गरेको उक्त विधेयक माथि दफावार छलफल गरी सदस्यहरुबाट प्राप्त सुझाव अनुसार संसोधन गरी संसोधित बिनियोजन ऐन २०७४ मा संसोधन गर्न बनेको ऐन, २०७४ लाई सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २.११ लेखा समिति गठन सम्वन्धमा

निर्णय नं. २.११

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ५ को दफा ?? मा लेखा समिति गठन सम्वन्धमा भएको व्यवस्था अनुसार नगर सभाका सदस्य श्री मुरारी अधिकारीको प्रस्तावलाई सभा समक्ष निर्णयार्थ पेश गरे बमोजिम लेखा समितिमा नगर सभा सदस्य श्री नारायण प्रसाद पाण्डेको संयोजकत्वमा सदस्य श्री भुमीराज जोशी, श्री धौली कडायत र भावना चौधरी सदस्य रहेको र प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको सदस्य सचिव रहने गरि समिति गठन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २.१२ शुसासन समिति गठन सम्वन्धमा

निर्णय नं. २.१२

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ५ को दफा ?? मा लेखा समिति गठन सम्वन्धमा भएको व्यवस्था अनुसार नगर सभाका सदस्य श्री मुरारी अधिकारीको प्रस्तावलाई सभा समक्ष निर्णयार्थ पेश गरे बमोजिम सुशासन समितिमा नगर सभा सदस्य श्री छत्र वडेलाको संयोजकत्वमा सदस्य श्री यमुना जोशी, श्री डम्मर थापा, श्री विशाल बोहरा र प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको सदस्य सचिव रहने गरि समिति गठन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २.१३ नगरसभा सदस्यहरुलाई ड्रेस कोडका सम्वन्धमा

निर्णय नं. २.१३

नगरसभा सदस्यहरुलाई मर्यादित ढंगबाट सभामा उपस्थित गराउन, सदस्यहरुको पहिचान स्थापित गर्न र पोशाकमा एक रुपता कायमका निम्ति नगर कार्यपालिकाबाट ड्रेस कोड तोकी सोही बमोजिम हुने गरि लागु गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

**प्रस्ताव नं. २.१४ बजेट रकमान्तर सम्वन्धमा**

**निर्णय नं. २.१४**

यस उप-महानगरपालिकाको प्रथम नगर सभाबाट आर्थिक बर्ष २०७४।०७५ का लागि विभिन्न शिर्षकहरुमा विनियोजन भएको रकम मध्ये केहि शिर्षकहरुमा रकम अभाव भई कार्य सम्पादनमा कठिनाई भएको हुंदा प्रथम नगर सभाबाट स्वीकृत विनियोजन ऐन २०७४ को दफा २ को उपदफा (१) बमोजिम तर्पासिल बमोजिमका शिर्षकहरुमा रकमान्तर गर्ने निर्णय गरियो ।

| ब.शि.न. | घटने शिर्षक | बजेट | रकमान्तर भई जाने रकम | ब.शि.न. | बढ्ने शिर्षक | बजेट | रकमान्तर भएको रकम |
|---|---|---|---|---|---|---|---|
| १.०६ | औषधी उपचार | ८००००० | २००००० | २.०३.१ | मर्मत सवारी साधन | १०००००० | २००००० |
| ३.०३.६ | शिक्षा क्षेत्र अनुदान | ४००००० | १००००० | २.०५.१ | सेवा अन्य | ७००००० | १४०००० |
| ४.०४ | कार्यक्रम खर्च | ३००००० | १००००० | २.०३.२ | स्वास्थ्य अनुदान | ३००००० | ६०००० |
| ४.०३ | पुस्तक समाग्री | २००००० | १००००० | २.०२ | नगरपरिषद संचालन | १५००००० | ३००००० |
| २.०८.१ | सदस्यता शुल्क | २००००० | १००००० | २.०८.४ | संचार महशुल | ७००००० | १४०००० |
| २.०४ | भाडा | २८००००० | ५००००० | २.०२ | कार्यालय सामान | १८००००० | ३६०००० |
| | | | | २.०३.२ | छपाई | १०००००० | २००००० |
| १.०१ | भैपरी आउने | १०००००० | ८००००० | २.०३.३ | विविध खर्च | २०००००० | ४००००० |
| | | | | ३.३.३ | अन्य सामाजिक क्षेत्र अनुदान | ५,००,००० | १००००० |
| | जम्मा | | १९००००० | | जम्मा | | १९००००० |